# रेडिएसन थेरापी

# Radiation Therapy (Nepali)

रेडिएसन थेरापीमा क्यान्सरका कोषहरूबाट छुटकारा पाउनका लागि उच्च-शक्तिका किरणहरू प्रयोग गरिन्छ। विशेष प्रशिक्षण भएको चिकित्सकलाई रेडिएसन ओन्कोलोजिस्ट भनिन्छ जसले यो उपचार प्रदान गर्छन्। यो ह्याण्डआउटमा, तपाईं/तपाईंकोले तपाईं वा तपाईंको बच्चालाई बुझाउँछ। जसको उपचार भइरहेको छ।



**तस्विर 1** तपाईंको उपचारका बारेमा योजना बनाउनका लागि सिमुलेटर नामक ठुलो मेसिन प्रयोग गरिन्छ।

**के अपेक्षा गर्ने**

रेडिएसन सेन्टरमा पहिलो पटक जाँदा 3 देखि 4 घण्टा लाग्न सक्छ।

- रेडिएसन चिकित्सकले उपचारहरूको क्रममा अपेक्षा गर्ने कुराहरूका बारेमा व्याख्या गर्ने छन्। उहाँहरूले साइड इफेक्ट, जवाफ र तपाईंका प्रश्नहरूका बारेमा पनि कुरा गर्नु हुने छ
- वयस्कले उपचारहरू सुरु गर्ने अनुमति दिन प्रयोग गरिने फारामहरूमा हस्ताक्षर गर्ने छन्।
- उपचारहरू आवश्यक पर्ने वास्तविक भाग(हरू) पत्ता लगाउनका लागि तपाईंको CT स्क्यान गरिने छ।


©1977, संशोधित 2023, Nationwide Children's Hospital
क्रमश…

- डोसिमेट्रिस्ट मा रेडिएसन प्रयोग गरेर गरिने उपचारका बारेमा योजना बनाउन सिमुलेटर नामक ठूलो मेसिन प्रयोग गरिन्छ (तस्विर 1)। तिनीहरूले मापन गर्छन् र शरीरमा उपचार गर्नुपर्ने भागमा चिन्ह लगाउँछन्।
- तपाईंको टाउको र घाँटी रेडिएसनको क्षेत्रमा भएमा, शरीरमा रेडिएसन बिम लक्षित गरिएको छ भने ती भागलाई मोल्ड गरिने छ। मोल्ड उपचारहरूको क्रममा टाउको र घाँटीलाई स्थिर राख्न मद्दत गर्नका लागि प्रयोग गरिने छ।
- विकिरण प्राप्त गर्ने क्षेत्रमा मसीका चिन्ह वा स्टिकरहरू प्रयोग गर्न सकिन्छ। यिनीहरूलाई नहटाउनुहोस्। तिनीहरूले तपाईंलाई चोटपटक पुर्‍याउने छैनन्।
- तपाईंको बिदाका दिनहरूबाहेक हरेक दिन, सोमवारदेखि शुक्रवारसम्म उपचार गर्ने सम्भावना छ। केही उपचारहरू फरक हुन सक्छन् र कयौँ दिन वा हप्तासम्म हुन सक्छ।
- छोड्नुअघि, तपाईंले आगामी उपचारहरूको समय-तालिका बनाउनु हुने छ।

**उपचार कस्तो छ**

मेसिनहरू एकदमै ठुला छन्। कम्प्युटरहरूले चिकित्सकलाई तपाईंलाई आवश्यक पर्ने विकिरणको मात्रा पत्ता लगाउन मद्दत गर्छन्। उपचारको क्रममा, तपाईंलाई टेबलमा सुताइने छ र एकदमै स्थिर भएर बस्न भनिने छ (तस्विर 2) उपचारहरूले त पाईंलाई चोट पुर्‍याउने छैनन्।



**तस्विर 2** रेडिएसन प्रयोग गरेर उपचार गरिरहेको

- तपाईं एकदमै सानो बच्चा हुनुहुन्छ भने सुताउनका लागि तपाईंलाई निद्रा लाग्ने औषधि खुवाइने छ।
- रेडिएसन प्रयोग गरेर गरिने उपचारहरू केही मिनेटदेखि 30 मिनेटसम्म हुन सक्छ। जम्मा समय उपचार कत्तिको लामो र तपाईंले उक्त दिन गर्नुभएको भेटहरूमा आधारित छ। तपाईंले रेडिएसन थेरापी गर्नुभएको केही दिनहरूमा, तपाईंले रेडिएसनसम्बन्धी चिकित्सकलाई पनि भेट्नुपर्छ।

## साइड इफेक्टहरू

रेडिएसन थेरापीले स्वस्थकर कोषहरूका साथसाथै क्यान्सरका कोषहरूमा पनि असर पुऱ्याउँछ। यद्यपि, धेरैजसो स्वस्थकर कोषहरू आफैँ बन्न सक्छन्। क्यान्सरका कोषहरू आफैँ बन्न सक्दैनन्। साइड इफेक्टहरू उक्त उपचार भइरहेको भाग(हरू) मा निर्भर हुन्छ। लक्षणहरू सामान्य वा गम्भीर खालका हुन सक्छन्, वा कुनै पनि नहुन सक्छ। सबैजनामा एकै किसिमका लक्षणहरू देखिँदैनन् रेडिएसनबाट दीर्घकालीन साइड इफेक्टहरू पनि हुन सक्छ। प्राइमरी क्यान्सर र रेडिएसनसम्बन्धी चिकित्सकहरूले तपाईंसँग यिनीहरूका बारेमा छलफल गर्ने छन्।

### छाला

- रेडिएसनको साइटमा भएको छाला कालो, सुख्खा हुने वा चिलाउने वा घामले जल्न सक्छ।
- रेडिएसनसम्बन्धी चिकित्सकले तपाईंलाई तपाईंको छालामा मद्दत गर्न के कस्ता कुराहरू गर्ने भनेर बताउन सक्नुहुन्छ तपाईंले चिकित्सक वा स्वास्थ्य स्याहार प्रदायकसँग कुरा नगर्दासम्म कुनै पनि लोशन प्रयोग नगर्नुहोस्।

### कपाल

- रेडिएसनको क्षेत्रभित्र पर्ने भागको कपाल झर्न सक्छ। फेरि पलाउन वा नपलाउन सक्छ।

### पेट

- तपाईंलाई पेट दुख्न सक्छ। तपाईंलाई मद्दतका लागि औषधि दिन सकिन्छ।

### रक्त गणना

- रेडिएसन थेरापीले कम रक्त गणना हुन सक्छ। यसले एनेमिया, लो प्लेट्लेट्स र/वा सङ्क्रमण हुने जोखिमलाई गराउन सक्छ।
- तपाईंले Nationwide Children's वा रेडिएसन सेन्टरमा रक्त परीक्षण गर्नुपर्ने हुन सक्छ ताकि तपाईंको रक्त गणना निगरानी गर्न सकियोस्।
- रक्त वा प्लेटलेट ट्रान्सफ्युजन आवश्यक छ भने, यो रेडिएसन सेन्टरमा **नभएर** Nationwide Children's मा गरिन्छ।

## चिकित्सकलाई कस्तो अवस्थामा कल गर्ने

तपाईंलाई यीमध्ये कुनै पनि साइड इफेक्ट भएमा क्यान्सर रोगसम्बन्धी चिकित्सकलाई फोन गर्नुहोस्ः

- ज्वरो 100.4 फरेनहाइट (F) वा 38.05° सेल्सियस (C) वा सोभन्दा बढी भएमा
- बढी चोट लागेमा, नाकबाट रगत बगेमा वा गिजाबाट रगत बगेमा
- मुखमा घाउ आएमा वा मुखका केही भागहरू पीडादायी भएमा
- बारम्बार पखाला लागेमा
- वान्ताका कारणले तरल पदार्थ पिउन नसकेमा
- 1 भन्दा बढी दिनसम्म वान्ता भएमा
- पेट दुखेको छ र प्रिस्क्राइब औषधिले तपाईंलाई काम गरिरहेको छैन भने
- रेडिएसनको कारणले गर्दा छालामा रातोपना, जलन, ब्लिस्टरिङ भएमा वा छाला दुखेमा
- टाउको दुखेमा, रिंगटा लागेमा, पहेँलो देखिएमा वा एकदमै थाकेको महसुस भएमा

## उपचारमा मद्दत गर्ने सुझावहरू

- रेडिएसन प्रयोग गरिने उपचारहरूका लागि आरामदायी कपडा लगाउनुहोस्।
- शरीरको उपचार भइरहेको भागमा हिटिङ प्याड, सनल्याम्प वा आइस ब्यागहरू प्रयोग नगर्नुहोस्।
- तपाईंले टाउको वा घाँटीमा रेडिएसन प्रयोग गर्दै हुनुहुन्छ भने आफ्नो कपाललाई स्टाइल गर्नुहोस् जसकारण रेडिएसन थेरापीको अवधिभर जस्ताको तस्तै रहन सक्छ।
- उपचार क्षेत्रमा सिधै घामको किरण पर्न नदिनुहोस्। रेडिएसनको क्षेत्रभित्र नपर्ने भागहरूको छालामा 30 वा सोभन्दा बढीको सन प्रोटेक्शन फ्याक्टर (SPF) भएको सनस्क्रिन प्रयोग गर्नुहोस्। तपाईंलाई रेडिएसन प्रयोग गरेको भागको छालामा सनस्क्रीन लगाउने बारेमा थप जानकारी दिइने छ।

- तपाईंले नयाँ औषधि सुरु गर्नुभयो भने आफ्नो चिकित्सक वा स्वास्थ्य स्याहार प्रदायकलाई बताउनुहोस्।
- हरेक दिन राम्रोसँग सन्तुलित, स्वस्थ खाना खानुहोस् र दिनको 4 देखि 6 गिलाससम्म तरल पदार्थ पिउनुहोस्।

## स्थान

Nationwide Children's रेडिएसन थेरापी The Ohio State University क्यापसमा रहेको The James Cancer Hospital को Proton Center मा गरिन्छ। रेडिएसन थेरापी तपाईं अस्पतालभन्दा बाहिर हुँदा गरिन्छ तपाईंलाई यातायात वा रेडिएसन सेन्टरमा जान समस्याहरू छन् भने, मद्दत प्राप्त गर्ने बारेमा आफ्नो क्यान्सर सामाजिक कार्यकर्तासँग कुरा गर्नुहोस्। तपाईंलाई अस्पतालमा हुँदा रेडिएसन थेरापी गर्न आवश्यक भएमाः

- Nationwide Children's ले तपाईंलाई एम्बुलेन्सबाट लैजाने व्यवस्था मिलाउने छ।
- नर्स तपाईंसँग जानु हुने छ।